# जनता

## आभास

जनता पुल हो
जहाँबाट बेला बखत
नेताजी ओहोरदोहोर गर्नु हुन्छ
र उसका
सबल खम्बाहरु प्रति
प्रेमभाव दर्शाउनु हुन्छ

बिचरा पुल
आफ्नो खुइलिएको ढाड थाप्छ
र चुपचाप पस्रन्छ

कसलाई के थाहा
बोझ बढेपछि
उसले पनि भत्कनु पर्छ
र उसको भत्काइसँगै
कतिले यहाँ
नदीको अस्मेल भेलमा
सुकेको पात तैरे झैँ
तैरनु पर्छ